नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
## (परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

मिति :- २०८०/०४/२६

**चिकित्सा शिक्षा DM/MCh/NBMS-SS शैक्षिक कार्यक्रमको भौतिक उपस्थितिमा हुने म्याचिङसम्बन्धी कार्यतालिका**

चिकित्सा शिक्षा आयोग परीक्षा निर्देशनालयको मिति २०८०/०४/२० को सूचना अनुसार चिकित्सा शिक्षा DM/MCh/NBMS-SS शैक्षिक कार्यक्रमहरूको एकीकृत प्रवेश परीक्षाको नतिजाको योग्यताक्रममा रहेका उम्मेदावारको भौतिक उपस्थितिमा शैक्षिक कार्यक्रम र शिक्षण संस्था छनोट गर्न मिति २०८०/०४/२९ गते सञ्चालन हुने म्याचिङ (matching) देहायबमोजिम हुने गरी कार्यतालिका तय भएको व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनामार्फत जानकारी गराइन्छ । तोकिएको समयमा स्वयम् उपस्थित भई रजिस्ट्रेसन नगर्ने साथै म्याचिङ हलमा प्रवेश नगर्ने उम्मेदवारलाई म्याचिङमा सहभागी गराइने छैन । प्रवेश परीक्षाको नतिजाको योग्यताक्रममा रहेको समूहका लागि छुट्याइएको सिटमामात्र म्याचिङमा सहभागी हुन पाइनेछ ।

अ. म्याचिङमा सहभागी हुने उम्मेदवारले अनिवार्य रूपमा साथमा लिई आउनुपर्ने कागजातहरू :

(१) आयोगवाट जारी भएको एकीकृत प्रवेश परीक्षाको प्रवेशपत्र र स्कोरकार्ड,
(२) नागरिकताको प्रमाणपत्रको सक्कल,
(३) काउन्सिल दर्ता प्रमाणपत्रको सक्कल,
(४) स्नातकोत्तर तहको प्रमाणपत्र र ट्रान्सक्रिप्टको सक्कल,
(५) नेपाल सरकारवाट छात्रवृत्ति वा निःशुल्क अध्ययनको अवसर प्राप्त गरी स्नातकोत्तर तह पूरा गरेका उम्मेदवारको हकमा कबुलियतनामामा तोकिएबमोजिमको सेवाशर्त पूरा गरेको प्रमाणित कागजात (आवेदन फाराम भर्ने सूचनाको बुँदा ७(८) बमोजिम),
(६) सरकारी समूहतर्फ आवेदन गर्ने उम्मेदवारले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट प्रदान गरिएको अध्ययन अनुमति-पत्र,
(७) खुला तर्फ आवेदन गरेका राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधन समेत) को नियम १६ को उपनियम (१) को स्पष्टीकरण बमोजिमका सरकारी चिकित्सकले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट प्रदान गरिएको अध्ययन अनुमति-पत्र ।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्सटेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं :-

आ. म्याचिङको मिति, स्थान र कार्यतालिका

मिति :- २०८०/०४/२९ गते सोमबार

स्थान :- चिकित्सा शिक्षा आयोगको अडिटोरियम हल, सानोठिमी, भक्तपुर ।

कार्यतालिका:

| सेसन, शैक्षिक कार्यक्रम र क्रियाकलाप | समय | |
|---|---|---|
| | देखि | सम्म |
| **Session I:**<br>• DM Medical Specialties/NBMS-SS<br>• DM Emergency Medicine<br>• DM Neonatology | | |
| Registration | ८:३० | ९:३० |
| Matching session | १०:०० | १२:३० |
| **Session II:**<br>• DM Critical Care Medicine/NBMS-SS<br>• MCh Surgical Specialties/NBMS-SS<br>• NBMS-SS Gynae-Oncology | | |
| Registration | १२:०० | १:०० |
| Matching session | १:३० | ४:०० |

इ. विविध

(१) म्याचिङको नतिजा २०८०/०४/१९ गते आयोगको वेबसाइटमा प्रकाशित गरिनेछ ।

(२) सरकारी शैक्षिक संस्थामा म्याचिङ हुने उम्मेदवारले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसमेत) मा भएको प्रावधान अनुसार नियम २२ को उपनियम (१) सँग सम्बन्धित अनुसूची - ६ वमोजिमको कबुलियतनामा गर्नुपर्ने छ ।

(३) झुठा विवरण पेश गरी म्याचिङ भई भर्ना भएमा कुनै पनि समयमा भर्ना खारेज हुन सक्नेछ ।

दामोदर फुयल
उपसचिव